# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY
**Office of Municipal Executive**

Bhratpur, Chitwan, Nepal

प.सं.२०८०/८१ (राजस्व)
च.नं. ३८०५

मितिः २०८०/१०/०२

**विषयः- घुम्ती उद्योग तथा व्यवसाय नियमन गर्ने सम्वन्धमा ।**

श्री वडा कार्यालय (सबै)
भरतपुर महानगरपालिका

प्रस्तुत विषयमा वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७८/०७/२६ च.नं. १५१ तथा जिल्ला प्रशासन कार्यालय, भरतपुर, चितवनको मिति २०७९/०६/१३ च.नं. १५१२ को पत्रानुसार गाउँवस्ती, टोल तथा चोकचोकमा ब्यानर सहित चर्को आवाजमा माइकिङ्ग गरी ट्रयाक्टर लगायतका ढुवानी साधनमा मेसिन जडान सहित घुम्ती सेवा मार्फत् सञ्चालन भएका व्यवसायहरूलाई नियन्त्रण गर्न निर्देशन भएबमोजिम भरतपुर महानगरपालिकावाट सिरक, डसना निर्माण सम्वन्धी व्यवसाय दर्ता नगरेको वा यसपूर्व महानगरपालिकामा व्यवसाय दर्ता गरेकै आधारमा घुम्ती सेवा सञ्चालन गरेको भएमा सम्वन्धित सेवाग्राहीको माग बमोजिम बाहेक अर्को निर्णय वा निर्देशन प्राप्त नभएसम्मका लागि घुम्ती सेवा मार्फत् भएका त्यस्ता व्यवसाय नियमन गरी सम्वन्धित व्यवसाय दर्ता भएको घर, पसल, सटरमा मात्र आफ्नो व्यवसाय सञ्चालन गर्नु गराउनु हुन भनी मिति २०८०/०५/२७ मा सम्वन्धित पक्षलाई जानकारी गराएकोमा हाल जिल्ला प्रशासन कार्यालय चितवनवाट समेत मिति २०८०/९/२० मा जिल्ला प्रहरी कार्यालयलाई पत्राचार भएको र ब्यानर,ध्वनी सहितको घुम्ती व्यवसायको कारण सटर तथा घरमा व्यवसाय गर्ने व्यवसायीहरूको व्यवसायमा प्रतिकुल प्रभाव पर्न गएकोले कोहि कसैलाई प्रतिकुल प्रभाव नपर्ने गरी आफ्नो व्यापार व्यवसाय सञ्चालन गर्ने वातावरणका लागि आवश्यक सहजीकरण गरी दिनुहुन आदेशानुसार अनुरोध छ।

सूचना प्रविधि शाखा:- वेब साइटमा अपलोड गरीदिनु हुन।

[signature] ०८०/१०/२

अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)
"मध्य नेपालको सुन्दर शहर; समृद्ध र सु संस्कृत भरतपुर महानगर"

CamScanner